निसीखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देवीस्थान, बागलुङ

प.स.-२०८१/०८२
च.न.-

मिति : २०८२/०३/०१

निसीखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवीस्थान, बागलुङ गण्डकी प्रदेश, नेपाल

**श्री सरोकारवाला सबै,**
**निसीखोला गाउँपालिका, बागलुङ ।**

**विषय : राय सुझाव संकलन सम्बन्धी सुचना प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस निसीखोला गाउँपालिकाको आगामी आर्थिक वर्ष. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा प्रारम्भिक कार्य सुरु भएको छ। उक्त निति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने बिषयमा आफ्ना अमूल्य सुझावहरु प्रदान गरी निति तथा कार्यक्रम र बजेटलाई अझ जन अपेक्षामुलक बनाउन सहयोग पुग्ने गरि सवै राजनैतिक दल शिक्षक, कर्मचारी, व्यापारी, बुद्धिजिवी, नागरिक सामाज, कलाकार, पत्रकार सहित गाउँपालिकाको समृद्धि र विकासका लागी चासो र चिन्ता व्यक्त गर्ने ईच्छुक सवै महानुभावहरुले मिति २०८२ असार ५ गते कार्यालय समय सम्म आ-आफ्ना अमुल्य सुझावहरु पालिकाको E-mail ठेगाना ito.nisikholamun@gmail.com वा Hard Copy निसीखोला गाउँपालिकाको कार्यालय अर्न्तगत प्रशासन शाखा, योजना अनुगमन तथा मुल्याङकन शाखामा उपलव्ध गराउन सकिने व्यहोरा जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ ।

**सुझाव पेस गर्न सकिने विषय क्षेत्रहरू**

**१. आर्थिक विकास सम्बन्धी :** कृषि तथा भूमि व्यवस्था, सिंचाइ, पशुपंक्षी, सहकारी तथा गरिवी निवारण, उद्योग, वाणिज्य तथा आपूर्ति, सम्पदा, संस्कृति तथा पर्यटन, श्रम तथा रोजगारी ।

**२. सामाजिक विकास सम्बन्धी :** स्वास्थ्य तथा पोषण, शिक्षा, विज्ञान तथा प्रविधि, खानेपानी तथा सरसफाइ, युवा, खेलकुद तथा नवप्रवर्तन, महिला, बालबालिका तथा समाज कल्याण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्ग ।

०८२/०२/१९

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

**३. पूर्वाधार विकास :** भवन, आवास, बस्ती तथा शहरी विकास, सडक, पुल तथा यातायात व्यवस्था, जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन** : वन तथा जैविक विविधता, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता ।

**५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन :** नीति, कानुन, न्याय, गाउपालिका र वडा कार्यालयबाट हुने सेवा प्रवाह, सङ्गठनात्मक विकास, मानव संशाधन, स्रोत परिचालन, सूचना प्रविधिको उपयोग, पञ्जीकरण व्यवस्थापन, सामाजिक सुरक्षा, स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्धन र अध्ययन अनुसन्धान, आवधिक योजना र रणनीतिक योजनाको निर्माण, राजश्व वृद्धि, स्थानीय स्रोतको परिचालन र जनसहभागिताको अभिवृद्धि ।

६. अन्य :

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत